कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
Katari, Udayapur
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या (Ref. No):- २०८२/८३
चलानी नं. (Dispatch No.) :

मिति(Date): २०८३/०३/०१

## नदिजन्य पदार्थ उत्खनन,सङ्कलन तथा भण्डारण कार्य बन्द हुने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति २०८३/०३/०१ गते

ढुंगा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ (पहिलो संशोधन) को दफा ४ को उपदफा (१६) बमोजिम प्रत्येक वर्ष असार १ गतेदेखि भदौ मसान्तसम्म नदिजन्य पदार्थ उत्खनन गर्न नपाइने कानुनी व्यवस्था रहेको छ ।

उक्त व्यवस्था अनुसार कटारी नगरपालिका क्षेत्रभित्र रहेका नदि खोलाबाट मिति २०८३/०३/०१ गतेदेखि २०८३ भदौ मसान्तसम्म नदिजन्य पदार्थको उत्खनन गरी सोको सङ्कलन, भण्डारण बिक्री तथा वितरण सम्बन्धी सम्पूर्ण कार्य पूर्ण रुपमा बन्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस अवधिमा कटारी नगरपालिका क्षेत्रभित्रका नदि, खोला, नाला तथा सार्वजनिक क्षेत्रबाट नदिजन्य पदार्थको उत्खनन तथा सोको संकलन, भण्डारण तथा ढुवानी नगर्न/नगराउन सबै सरोकारवालामा अनुरोध गरिन्छ । यदि यस सूचना विपरीत गरेको पाइएमा सम्बन्धित व्यक्ति तथा सवारीसाधन माथि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरी नदिजन्य पदार्थ जफत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

.............................................
राजन थापा
प्रमुख प्रशासकीय अधिकृत